# स्थानीय राजपत्र

हरिनास गाउँपालिका द्धारा प्रकाशित

खण्ड ९) चित्रेभञ्याँङ्ग, स्याङ्गजा, मंसिर २१ गते, २०८२ साल (संख्या २

# भाग २

## स्थानीय सरकार

# हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

हरिनास गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

हरिनास गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको हरिनास गाउँपालिकाको सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## <u>सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२</u>

**<u>प्रस्तावनाः</u>** हरिनास गाउँपालिका सहकारी हेर्ने सहकारी शाखा अन्तर्गतको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गरी सहकारी संघ वा संस्थाहरुको क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्न वाञ्छनीय भएकोले,

हरिनास गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी हरिनास गाउँपालिकाले यो निर्देशिका स्वीकृत गरी लागू गरेको छ।

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "अनुगमन" भन्नाले सहकारी संघ संस्थाको अनुगमन कार्य सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले हरिनास गाउँपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "निकाय" भन्नाले हरिनास गाउँपालिका अन्तर्गत सहकारी हेर्ने शाखालाई सम्झनु पर्छ।

(घ) "नियमन" भन्नाले प्रचलित कानून बमोजिम सहकारी संस्थाले ऐन, नियम, नीति, पर्छ।

(ङ) "नियमावली" भन्नाले हरिनास गाउँपालिकाले जारी गर्ने सहकारी नियमावली सम्झनु पर्छ।

(च) "निरीक्षण" भन्नाले सहकारी संघ संस्थाको निरीक्षण कार्य सम्झनु पर्छ।

(छ) "शाखा" भन्नाले सहकारी हेर्ने शाखालाई सम्झनु पर्छ।

(ज) "मूल्याङ्कन" भन्नाले सहकारी संघ संस्थाको निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा सघन अनुगमन गर्दा प्राप्त नतिजाका आधारमा गरिने मापनलाई सम्झनु पर्छ।

(झ) "विनियम" भन्नाले सहकारी संस्थाको विनियम सम्झनु पर्छ।

(ञ) "सघन अनुगमन" भन्नाले सहकारी संघ संस्थाको विस्तृत अनुगमन गरी संघ संस्थाका सञ्चालक तथा कर्मचारीहरुसँग छलफल गराई संघ संस्थालाई निर्देशन दिने कार्य सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले सहकारी संस्थाको सञ्चालक समिति सम्झनु पर्छ।

(ठ) "साधारण सभा" भन्नाले सहकारी संघ संस्था सुपरिवेक्षणको कार्य सम्झनु पर्छ।

(ड) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी संघलाई समेत जनाउँछ।

**३. उद्देश्यः**

हरिनास गाउँपालिका वा अन्तर्गतको सहकारी शाखाबाट सहकारी संघ, संस्थाहरुको नियमित निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन सम्बन्धी कार्य गर्नको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाहरुको नियमित रुपमा निरीक्षण, सुपरिवेक्षण अनुगमन तथा सघन अनुगमन गरी आवश्यकता अनुसार सुधारका लागि सुझाव दिने,

(ख) सहकारी संस्थालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरी वित्तिय सुशासन कायम गर्ने,

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

(ग) सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरुमा सकारात्मक परिवर्तन ल्याई सहकारीको संस्तागत क्षमता अभिवृद्धि, विकास तथा प्रवर्द्धन गर्ने,

(घ) बजेट तथा कार्यक्रमको अधिनमा रही हरिनास गाउँपलिका र सहकारी शाखाले नियमित निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन तथा नियमन कार्यहरु व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्ने।

## परिच्छेद-२

## निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन तथा प्रतिवेदन

**४. निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा सघन अनुगमन गरिनेः**

(१) हरिनास गाउँपालिका वा हरिनास गाउवपालिका मातहतका शाखाहरुबाट सहकारी संस्थाहरुको नियमित रुपमा स्थलगत निरीक्षण सम्बन्धि कार्य सञ्चालन गर्न सक्नेछ।

(२) सहकारी संस्थाहरुबाट प्राप्त प्रगति प्रतिवेदनका आधारमा रही सुपरिवेक्षण कार्य गरिनेछ।

(३) निरीक्षण तथा सुपरिवेक्षणका आधारमा अनुगमन गर्नुपर्ने देखिएमा सहकारी संस्थाहरुको स्थलगत अनुगमन कार्य गरिनेछ।

(४) सहकारी संस्थाहरुको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दा सघन अनुगमन गर्नुपर्ने देखिएमा वा संस्थामा रकम अनियमितता भएको भन्ने दस प्रतिशत सदस्यले निवेदन गरेमा सघन अनुगमन कार्य गरिनेछ।

(५) शेयर पूँजी दश लाख भन्दा बढी वा कुल वार्षिक कारोवार तीन करोड भन्दा वढि रहेका सहकारी संस्थाहरुको स्थलगत सघन अनुगमन गरिनेछ।

(६) संस्थाले पेश गरेका प्रतिवेदनका आधारमा हरिनास गाउँपालिका वा अन्तर्गतका शाखालाई सघन अनुगमन गर्नुपर्ने भन्ने लागेमा हरिनास गाउँपालिका वा अन्तर्गतका शाखाले बढिमा तीन सदस्यीय टोली गठन गरी सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा खटाउनु पर्नेछ।

(७) निरीक्षण, सुपरिवेक्षण, तथा अनुगमन अनुसूची-१ को ढाँचा बमोजिम र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन अनुसूची-१ र २ को ढाँचा बमोजिम गरिनेछ।

(८) सहाकरि संघ, संस्थाहरुको निरीक्षण वा सुपरिवेक्षण वा अनुगमन प्रतिवेदनको आधार लिई मूल्याङ्कन तथा नियमनको कार्य गरिनेछ।

(९) एक आर्थि वर्षमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्य गरिसकिएका सहकारी संघ, संस्थामा पुनः उक्त कार्य गरिने छैन।

तर उजुरी परी वा संस्थामा वेशेष परिस्थिति उत्पन्न भई निरिक्षण वा जाँचबुझ गर्नुपर्ने अवस्था भएमा पुनः निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गर्न वाधा पर्नेछैन।

(१०) सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा आवश्यक परेमा सम्बन्धित क्षेत्रका विषय विज्ञलाई समेत सहभागी गराउन सकिनेछ।

**५. सहकारी संघ, संस्थालई पत्र दिनुपर्ने:**

(१) सहकारी संघ, संस्थामा निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुले खटाउने सहकारी शाखाको आधिकारीक पत्र दिई जानकारी गराउनु पर्नेछ।

(२) निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुलाई माग गरे बमोजिमका विबरण सम्बन्धित सहकारी संघ संस्थाले उपलब्ध गराउनु पर्नेछ।

**६. आचारसंहिता पालना गर्नुपर्ने:**

निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा खटिएका कर्मचारीहरुले देहाय बमोजिमका आचार संहिता पालना गर्नुपर्नेछः-

(क) निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गर्नको लागि साथमा आवश्यक कागजात साथमा लिई जानुपर्ने,

(ख) सम्बन्धित सहकारी संस्थाका पदाधिकारी र कर्मचारीहरु आफ्ना नातागोता पर्ने भएमा निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्याम खटिन नहुने,

(ग) खटिने कर्मचारी सदस्य रहेको सहकारी संस्थाको निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिन नजुने,

(घ) खटिने कर्मचारी आफ्नो परिचय-पत्रसहित निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिनु पर्ने,

(ङ) संस्थाको गोप्य राख्नु पर्ने तथ्याङ्कहरु निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन, अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा मात्र सिमित राख्नु पर्ने तथा प्रचलित कानुन बमोजिम गोप्य रहने विषयको सार्वजनिक गर्न नहुने।

**७. प्रतिवेदन पेश गर्नुपर्ने:**

(१) सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको प्रतिवेदन पेश गर्नु पहिले संघ सस्थाका सञ्चालक, व्यवस्थापक सहितको संयुक्त वैठक राखि प्रतिवेदनमा देखिएका कैफियतहरु माथि छलफल गराई प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुमगन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुले निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनको प्रतिवेदन अनुसूची-१ को ढाँचामा पेश गर्नुपर्नेछ।

(३) अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन प्रतिवेदनमा देखिएका कैफियतहरु सुधार तथा व्यवस्थित गर्नका लागि सम्बन्धित संस्थालाई जानकारी एवं निर्देशन दिन पर्नेछ। सम्बन्धित संस्थाले पनि निर्देशन कार्यान्वयन एवं पालना गरी संस्थालाई सुधार तथा व्यवस्थित गरी संस्थागत सुशासन तथा संस्थागत विकास गर्नु पर्नेछ र सो को जानकारी मन्त्रालय वा अन्तर्गतको निकायलाई दिनुपर्नेछ।

**८. अनुगमनकर्ताको सेवा सुविधाः**

निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तता नियमन कार्यमा खटाई जाने कर्मचारी, विज्ञ टोली वा मन्त्रालयले नियुक्त गरेका व्यक्तिहरुलाई देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ।

(१) अनुगमन गर्ने कर्मचारीलाई नियमानुसारको दैनिक भ्रमण भत्ता र यातायात खर्च उपलब्ध गराइनेछ।

(२) उपदफा (१) का अतिरिक्त अनुगमनमा प्रति सहकारी प्रति अनुगमनकर्तालाई प्रतिवेदन पेश गरेपश्चात प्रतिवेदन वापत एक हजार रुपैंया मात्र सम्म रकम उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) का अतिरिक्त सघन अनुगमनमा प्रति सहकारी प्रति अनुगमन प्रतिवेदन पेश गरेपश्चात प्रतिवेदन वापत तीन हजार रुपैंया मात्र सम्म रकम उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-३

## विविध

**९. निर्देशिका बमोजिम हुनेः**

यो निर्देशिकामा भएका निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन व्यवस्थाहरु यसै निर्देशिका बमोजिम हुने र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१०. बाधा अड्काउ फुकाउः**

यस निर्देशिकाको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन हरिनास गाउँपालिकाको निर्णयले बाधाअड्काउ फुकाउन सकिनेछ।

## अनुसूची-१

**(दफा ४ को उपदफा (७) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**सहकारी संस्थाहरुको स्थलगत निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन**

सहकारी शाखा

संस्था अनुगमन फारम

१) सहकारी संस्थाको नामः- ..............................................................

२) दर्ता नं:- .................. दर्ता मितिः- ..................... दर्ता कार्यालयः-

संस्थाको प्रकृतिः- ....................................

मूख्य कारोबारः ....................................... अन्य कारोबारः

१. ......................... २. .......................................

गाउँपालिकामा सूचिकृत भए/नभएको .................... भएमा सूचिकृत मिति ......................

३) संस्थाको मूख्य कार्यालयको ठेगानाः- .....................................................

शाखा कार्यालय/सेवाकेन्द्र/सम्पर्क कार्यालय/बिक्रि केन्द्र/फिल्ड कार्यालय ........................

संस्थाको कार्यक्षेत्रः- ............................... कार्यक्षेत्र स्वीकृत मितिः ..........................

ईमेलः ............................... वेभसाईटः .......................... फोन नं : ....................

अध्यक्षको नामः .............................. सम्पर्क नं ................................

व्यवस्थापक/कार्यालय प्रमुख नामः .................................... सम्पर्क नं......................

४) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नामः निर्वाचन भएको मिति......................

अवधि................ वर्ष

| क्र.सं. | पद | नाम थर | स्थायी ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|
| सञ्चालक समितिको नामावली | | | | |
| १ | अध्यक्ष | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

| | | | | |
|---|---|---|---|---|
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| लेखा सुपरिवेक्षण समितिको नामावली | | | | |
| १ | संयोजक | | | |
| २ | | | | |
| ३ | | | | |

सञ्चालक समिति/लेखा समितिको वैठक भत्ताः- रु. ........... अन्य सुविधाः रु..............

उपसमितिको वैठक भत्ताः .................. अन्य सुविधा...........................

सञ्चालक समितिको वैठक वितरणः मासिक/त्रैमासिक संख्याः............................

लेखा सुपरिवेक्षण समितिको वैठक विबरणः संख्या ............................

५) चुक्ता शेयर पूँजीः- ................................. (प्रति शेयरः- रु..................)

सदस्यको न्यूनतम शेयर रकमः.................. अधिकतम शेयर रकमः .................

६) संचालक समिति/लेखा समिति/उपसमिति र कर्मचारीले लिएको कर्जा विबरणः

| क्र.सं. | नामथर | कर्जा रकम | अवधि | व्याजदर | धितोको विबरण | किस्ता/वा ब्याज मात्र |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

७) जम्मा कर्मचारी संख्याः-.................(बजार प्रतिनिधिः- ......... जना) नियुक्ति पत्र दिए/नदिएको ................

सवैभन्दा बढी तलब लिने कर्मचारीको तलबः रु............. सवैभन्दा कम तलब लिनेको तलब रु.....................

सञ्चयकोषको सुविधाः छ/छैन ........... ग्रेडको सुविधाः छ/छैन

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

स्थायी/अस्थायी/करार ......................

८) सफ्टवेयरको नामः- ......................... सम्झौता भए/नभएको ............. भएमा मिति........

९) शेयर सदस्य संख्याः-

| जम्माः- | पुरुषः- | महिलाः- | संस्थागतः- | बाल वचत कर्ताः |
|---|---|---|---|---|
| | | | | |

अधिकतम शेयर खरिद गर्ने ३ जना शेयर सदस्यहरुको विबरणः

| क्र.सं. | नाम थर | शेयर रकम | कुल शेयरमा भार प्रतिशत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

१०) निक्षेप कर्ताहरुको संख्या

| जम्माः- | पुरुषः- | महिलाः- | संस्थागतः- |
|---|---|---|---|
| | | | |

सबैभन्दा बढी निक्षेप जम्मा गर्ने ३ जना सदस्यहरुको नामावलीः

| क्र.सं. | नाम थर | निक्षेप रकम | बचतको शिर्षक | ब्याजदर | कुल निक्षेपमा भार प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

११) ऋणी सदस्यहरुको संख्या

| जम्माः- | पुरुषः- | महिलाः- | संस्थागतः- |
|---|---|---|---|
| | | | |

सवैभन्दा बढी कर्जा उपभोग गर्ने ३ जना ऋणी सदस्यको विबरणः

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

| क.स | नामथर | ऋण रकम | ऋण शिर्षक | ब्याजदर | कुल ऋणमा भार प्रतिशत | धितोको विबरण |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

जम्मा भाखा नाघेको ऋण रकमः .............प्रतिशत ...................... भाखा नाघेको ऋणी संख्याः

भाखा नाघेको ऋणको लागि व्यवस्था गरेको कोष रकमः ....................................

१२) वार्षिक साधारण सभा सम्बन्धि विबरणः- (पछील्लो साधारण सभाको विबरण)

कुल सदस्य संख्याः- ............... उपस्थित सदस्य संख्याः ............. प्रतिशत ............

सदस्यलाई सभाको सूचना दिने माध्यम र प्रकृयाः- ................................................

साधारण सभामा उपस्थित सदस्यहरुलाई भत्ता दिने गरेको/नगरेको, दिएको भए कति? ......

१३) संस्थाले तयार पारेको नीतिहरु, कार्यविधिहरुको विबरणः-

| क.सं. | नीतिको नाम | स्वीकृत मिति | स्वीकृत गर्ने निकाय |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ५ | | | |

१४) पछिल्लो साधारण सभाबाट पारित भएका मूख्य विषयहरुः-

| क.सं. | मूख्य विषयहरु |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

१५)	सहकारी ऐन तथा नियमावली पालना सम्बन्धी विबरणः

| क्र.सं. | विषय | छ | छैन |
|---|---|---|---|
| १ | कार्यक्षेत्र भन्दा बाहिरका व्यक्तिको बचत लिएको वा कर्जा दिएको? | | |
| २ | सदस्य बनेको ३ महिना नपुग्दै ऋण लगानी गरेको? | | |
| ३ | खुद वचतको २५ प्रतिशत जगेडा कोषमा जम्मा गरेको? | | |
| ४ | शेयर पूँजीको १८ प्रतिशत भन्दा बढी लाभाँश बाँडेको? | | |
| ५ | सुनचाँदी धितो तथा शेयर धितोमा कर्जा लगानी गरेको ? | | |
| ६ | संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँड गरेको? | | |
| ७ | ऋण लगानी गर्दा सेवा सेवा शुल्क लिने गरेको ? | | |
| ८ | शेयर खरिदमा प्रिमियम शुल्क लिने गरेको ? | | |
| ९ | वचत र ऋणको व्याजदर ६ प्रतिशत भन्दा बढी गरेको? | | |
| १० | प्राथमिक पूँजी कोषको १०% भन्दा बढी एकै व्यक्तिलाइ लगानी गरेको? | | |
| ११ | सदस्यहरुलाई कारोबारी, सधारण र संस्थापक भणि विभेद गरेको? | | |
| १२ | संस्थागत अनुदान वा जगेडा कोषको रकम हिनामिना वा मासेको ? | | |
| १३ | सञ्चालक वा लेखा समिति कर्मचारीको रुपमा कार्य गरेको ? | | |
| १४ | सदस्य पहिचान फारम (KYM) र COPOMIS अध्यावधिक गरेको ? | | |
| १५ | सम्पत्ति सुद्धिकरण निवारण निर्देशिका निर्माण गरी लागु गरेको छ? | | |
| १६ | कार्यान्यिन अधिकारी र सूचना अधिकारी तोकेको ? | | |
| १७ | ऋणमा हर्जना र वचत ढीलोमा हर्जना लिने गरेको ? भए कति प्रतिशत? | | |
| १८ | सदस्य वडापत्र बनाई टाँस गरेको ? | | |
| १९ | दोहोरो दस्यता व्यवस्थापन गर्ने नीति बनाएको ? | | |
| २० | सरकारी कर्मचारी, बैंक तथा वित्तीय संस्थाको कर्मचारी र सञ्चालक, जनप्रतिनिधीहरु संस्थाको सञ्चालक र लेखा समितिमा ? | | |
| २१ | सञ्चालक र लेखा समितिमा ३३% महिला सहभागिता गराउने व्यवस्था? | | |
| २२ | एउटै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक वा लेखा समितिमा छ? | | |
| २३ | संस्थाका सञ्चालक वा कर्मचारी सोही वा अर्को संस्थाको कर्मचारी वा सञ्चालक छ? | | |
| २४ | एउटै लेखापरिक्षकलाई लगातार ३ वर्षभन्दा बढी परिक्षण अनुमति दिएको? | | |
| २५ | बिना धितो बिना योजना लगानी गरेको? | | |

| | | | |
|---|---|---|---|
| २६ | प्राथमिक पूँजी कोषको १५ गुणा भन्दा बढी वचत लिएको? | | |
| २७ | सञ्चालक समितिको २ वटा वैठकको बीचको अवधि ४५ दिन भन्दा बढि छ/छैन? | | |
| २८ | वचत तथा ऋण र व्यवसायको सुरक्षणको लागि आवश्यक सुरक्षा प्रणाली (बीमा, ऋन सुरक्षण कोष, घाटा पूर्ति कोषको व्यवस्था गरेको? | | |
| २९ | सहकारी संघ/सहकारी बैंक/स्थानीय/प्रदेश तथा संघीय सरकारबाट सम्मान पुरस्कार पाएको ? | | |
| ३० | वचत ऋणको कारोबार गर्ने सहकारीले पल्स अनुगमनको अनुवार्य विश्लेषण र प्रतिवेदन पेश गर्ने गरेको? | | |
| ३१ | समिति/उपसमितिका सदस्यले सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिएको छ/छैन? | | |

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरुसँग संकलन भएको हो भनी सहि गर्ने

संस्थाको आधिकारीक व्यक्तिको

नामः ........................................... पदः...................... दस्तखतः .........................

संस्थाको छापः

निरीक्षणकर्ताबाट दिईएको सुझाबहरुः

| क्र.सं. | मूख्य सुझाब |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |

निरीक्षण गर्नेः

| क्र.सं. | निरीक्षण गर्ने पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

निरीक्षण मितिः ........................

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

## अनुसूची-२

(दफा ४ को उपदफा (७) र दफा ७ को उपदफा (२) सँग सम्बन्धीत)

### वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरुको स्थलगत सघन अनुगमन, मूल्याङ्कन तथा नियमनका लगि संलग्न विबरण तथा कागजातहरु

१. पछिल्लो मितिको सन्तुलन परीक्षण, नाफा नोक्सान हिसाव, वासलात र बैंक स्टेटमेन्ट (बैंकको नाम, खाताको किसिम, खाता नं. र रकम समेत)

२. रकमका आधारमा ३० ठुला शेयर सदस्यहरुको विबरणः

| क्र.सं. | शेयर सदस्यहरुको नाम | शेयर रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

३. रकमका आधरमा ३० ठुला वचतकर्ता सदस्यहरुको विबरणः

| क्र.सं. | वचतकर्ता सदस्यहरुको नाम | वचत रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

४. रकमका आधरमा ३० ठुला ऋणी सदस्यहरुको विबरण(कुल ऋणीको सारांश विबरण)

| क्र.सं. | ऋणीको नाम | ऋणको शिर्षक | ऋणको रकम | ऋण लगेको मिति | ऋणीको शेयर रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

५. संस्थाको मौजुदा सञ्चालक र लेखा सुपरिवेक्षण समितिको विबरणः

| क्र.सं. | नामथर | पद | शैक्षिक योग्यता | ठेगाना | पति/पिता | बचत रकम | शेयर संख्या | ऋण रकम | पेश्की | मूल व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

६. भाखाका आधारमा ऋणको वर्गीकरणः

| क्र.सं. | ऋणको शिर्षक | कुल ऋण | असल ऋण | एक वर्ष भन्दा कम नाघेको ऋण | एक वर्ष भन्दा बढी भाखा नाघेको ऋण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. स्थिर सम्पत्तिको विबरण (गाडी संख्या, घरजग्गा-क्षेत्रफल, मेसिनरी औजार समेत) बाँकी कितावी मूल्य, ह्रासकट्टी प्रणालीः

८. कर्मचारीहरुको विबरणः

| क्र.सं. | नाम | पद | तलब/भत्ता | ऋण | पेश्की | बचत | शेयर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

९. संस्थागत कारोबारको विबरण (शेयर, बचत तथा ऋण कारोबार) रकमः

१०. गैर बैंकिङ्ग सम्पत्तिको विबरणः

११. पेश्की तथा बेरुजु नाम सहितको विबरणः

माग गर्ने कागजातहरुः-

१. शेयर सदस्यता, ऋण माग, जमानी वस्नेको मञ्जुरीनामाङ तमसुक र वचत खाता खोल्ने फाराम (खाली नमूनाहरु)

२. संस्थाको विनियम (संशोधनका प्रतिहरु समेत), नियमावली, वचत तथा ऋण नीति, कार्यविधीहरुको प्रतिलिपि,

३. संस्थाको पर्चा तथा प्रकाशनहरु,

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२

४. पछिल्लो चौमासिक प्रतिवेदन र वार्षिक लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

५. संस्था दर्ता प्रमाणपत्र र स्तायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

६. लेखापरीक्षकलाई संस्थाले दिएको नियुक्ती पत्रको प्रतिलिपि,

७. संस्थाले संगठित संस्थाको शेयरमा लगानी गरेको भए रकम सहितको प्रतिलिपि,

८. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति र अन्य उपसमितिहरु साधारन सभाका पछिल्ला निर्णयहरुको प्रतिलिपि,

९. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वारन सम्बन्धित कागजातहरु,

१०. निरीक्षण प्रतिवेदन, त्यस उपर समितिको निर्णय र गरेका पहलहरु,

११. कर्मचारीको नियुक्ति पत्रको प्रतिलिपि,

१२. शेयर दर्ता किताब बमोजिमका सदस्यहरुको नामावाली,

१३. नगद, ढुकुटी, काउन्टर र मार्गस्थ बीमा सम्बन्धी कागजातको प्रतिलिपि,

१४. वचत तथा ऋणको पछिल्लो व्याजदर निर्धारण प्रक्रिया,

१५. सञ्चालकहरुको व्यक्तिगत तता व्यवसायिक विबरण,

१६. संस्थाका सञ्चालक, व्यवस्थापक सहित सघन अनुगमन, मूल्याङ्कन तथा नियमन विषयमा संयुक्त वैठकको छलफल र निर्णय,

१७. सम्पत्ति, दायित्व, आम्दानी देखिएका कागजातहरु।

उल्लेखित विषयहरु तता जाकारी यस संस्थाका सञ्चालक/व्यवस्थापकसँग सङ्कलन भएको हो भनी सही गर्नेः

आधिकारिक पदाधिकारी/कर्मचारीको नामः पदः

हस्ताक्षरः मितिः

संस्थाको छापः

अनुगमन, मुल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीको

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

मितिः

आज्ञाले

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

सहकारी अनुगमन, निरीक्षण तथा नियमन निर्देशिका, २०८२